आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको

# पहिलो त्रैमासिक समीक्षा

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं

# विषय-सूची


पृष्ठभूमि ........ १
समष्टिगत आर्थिक स्थिति ........ १
वित्तीय क्षेत्र स्थिति ........ ३
मौद्रिक नीतिको कार्यान्वयन स्थिति ........ ४
आर्थिक तथा मौद्रिक लक्ष्यहरुको स्थिति ........ ४
तरलता व्यवस्थापन ........ ४
वित्तीय क्षेत्रसम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति ........ ६
स्रोत परिचालन ........ ६
विपन्न वर्ग कर्जा ........ ६
आर्थिक पुनरुत्थान लक्षित विशेष कार्यक्रम ........ ६
नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्था ........ ८
भुक्तानी प्रणाली ........ ८
विदेशी विनिमय व्यवस्थापन ........ ८
आर्थिक तथा मौद्रिक परिदृश्य ........ ९
मौद्रिक कार्यदिशा ........ ९
मौद्रिक तथा वित्तीय उपायहरु ........ १०

# आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षा

## पृष्ठभूमि

१. कोभिड-१९ महामारीबाट मानव जीवन र आर्थिक गतिविधि प्रभावित भइरहेको परिवेशमा समष्टिगत आर्थिक तथा वित्तीय स्थायित्व कायम राख्दै अर्थतन्त्रको पुनरुत्थानमा सघाउ पुऱ्याउने मुख्य उद्देश्यका साथ आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीति २०७८ साउन २९ गते सार्वजनिक गरिएको थियो । यस अवधिमा कोभिड-१९ विरुद्ध खोपको उपलब्धता बढेको र संक्रमण दर कम हुँदै गएकोले नीतिगत सहजीकरणबाट आर्थिक गतिविधि विस्तार हुन सघाउ पुगेको छ । बाह्य क्षेत्र व्यवस्थापनमा दबाब पर्दै गएको भएतापनि समष्टिगत आर्थिक स्थायित्व कायम रहेको छ ।

२. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार उच्च रहेकोले तरलतामा चाप परेको छ । विद्युतीय माध्यमबाट वित्तीय कारोवार गर्ने प्रचलन तीब्र रुपमा बढेको छ । वित्तीय पहुँच निरन्तर विस्तार हुँदै गएको छ ।

३. आर्थिक गतिविधि विस्तारसँगै आयात बढ्दै गएको तर विदेशी मुद्रा आर्जनको महत्वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषण आप्रवाह संकुचित हुँदै गएकोले शोधनान्तर स्थिति घाटामा रहेको छ । मुद्रास्फीति भने नियन्त्रित छ ।

४. कोभिड-१९ बाट प्रभावित विश्व अर्थतन्त्र पुनरुत्थानको दिशामा अघि बढेको छ । सन् २०२० मा ३.१ प्रतिशतले संकुचनमा गएको विश्व अर्थतन्त्र सन् २०२१ मा ५.९ प्रतिशतले र सन् २०२२ मा ४.९ प्रतिशतले विस्तार हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण छ । विश्व मुद्रास्फीतिमा भने चाप पर्न थालेको छ । सन् २०२० मा विकसित र विकासोन्मुख मुलुकहरुको मुद्रास्फीति क्रमशः ०.७ प्रतिशत र ५.१ प्रतिशत रहेकोमा सन् २०२१ मा क्रमशः २.८ प्रतिशत र ५.५ प्रतिशत हुने प्रक्षेपण छ । सन् २०२२ मा भने मुद्रास्फीतिमा केही सुधार हुने कोषको प्रक्षेपण छ ।

५. उपरोक्त राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक तथा वित्तीय स्थिति र परिदृश्य समेतको आधारमा आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको यो प्रथम त्रैमासिक समीक्षा प्रतिवेदन सार्वजनिक गरिएको छ ।

## समष्टिगत आर्थिक स्थिति

६. कोभिड-१९ विरुद्ध खोपको उपलब्धता बढेको, कोभिड संक्रमण दर कम हुँदै गएको र संक्रमण नियन्त्रणका लागि अपनाइएका बन्दाबन्दी लगायतका धेरैजसो नियन्त्रणात्मक प्रावधानहरु खारेज भएको हुँदा समग्र आर्थिक क्रियाकलापहरु पुनरुत्थान हुन थालेका छन् ।

७. अर्थतन्त्रमा कोभिड-१९ ले पारेको असर सम्बन्धी यस बैंकले २०७८ कात्तिकमा गरेको सर्वेक्षण अनुसार पछिल्लो समय आर्थिक क्रियाकलाप विस्तारले गति लिन थालेको देखिएको छ ।

**तालिका १: कोभिड १९ महामारी अगाडिको तुलनामा औसत उत्पादन/कारोबार अवस्था**

*(प्रतिशतमा)*

| क्र.सं. | क्षेत्रहरु | २०७७ असार | २०७७ मंसिर | २०७८ बैशाख | २०७८ कात्तिक |
|---|---|---|---|---|---|
| १. | कृषि (पशुपालन समेत), वन तथा मत्स्यपालन | ५८.१ | ७२.० | ७६.० | ७९.३ |
| २. | खानी तथा उत्खनन | ४०.० | ५२.५ | ६०.० | ९३.३ |
| ३. | उत्पादनमूलक उद्योग | ४१.२ | ६१.९ | ७१.२ | ७६.२ |
| ४. | बिजुली, ग्यास तथा पानी | ६४.० | ९२.५ | ५८.३ | ९२.५ |
| ५. | निर्माण | ३९.६ | ५४.८ | ७०.६ | ७६.९ |
| ६. | थोक तथा खुद्रा व्यापार | ३१.५ | ५७.२ | ६४.४ | ७८.५ |
| ७. | होटल तथा रेष्टुरेन्ट | ७.१ | १८.१ | ४०.८ | ५७.२ |
| ८. | यातायात तथा भण्डारण | १५.७ | ५५.० | ६७.५ | ६९.५ |
| ९. | संचार | ३३.२ | ४२.३ | ५८.८ | ७२.५ |
| १० | घरजग्गा, भाडा तथा व्यावसायिक क्रियाकलाप | १२.२ | ४६.४ | ६४.२ | ७८.१ |
| ११ | शिक्षा | १८.३ | ३७.६ | ६५.१ | ८१.१ |
| १२ | स्वास्थ्य तथा सामाजिक सेवा | ४०.८ | ५२.० | ७६.७ | ८९.५ |
| १३ | अन्य क्षेत्रहरु | २१.८ | ४४.२ | ५२.२ | ६८.७ |
| | **भारित औसत** | **२८.८** | **५०.५** | **६१.४** | **७४.७** |

कोभिड-१९ शुरु पूर्व (२०७६ फागुन) को तुलनामा २०७७ मंसिरमा समग्र औसत उत्पादन/कारोबार ५०.५ प्रतिशत भएकोमा २०७८ कात्तिकमा ७४.७ प्रतिशत पुगेको छ । होटल तथा रेष्टुरेन्ट क्षेत्रका क्रियाकलापको पुनसंचालनको गति भने अन्य क्षेत्रहरुको तुलनामा न्यून देखिएको छ (तालिका १) ।

८. आर्थिक वर्ष २०७८/७९ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ६.५ प्रतिशतको सीमाभित्र राख्ने लक्ष्य रहेकोमा पहिलो तीन महिनामा औसत उपभोक्ता मुद्रास्फीति ४.०३ प्रतिशत रहेको छ । वार्षिक विन्दुगत आधारमा २०७८ असोजमा उपभोक्ता मुद्रास्फीति ४.२४ प्रतिशत रहेको छ । २०७७ असोजमा यस्तो मुद्रास्फीति ३.७९ प्रतिशत रहेको थियो (तालिका २) ।

**तालिका २: मुद्रास्फीति**

*(प्रतिशतमा)*

| विवरण | ३ महिनाको औसत | | वार्षिक बिन्दुगत | |
|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७७ असोज | २०७८ असोज |
| समग्र | ३.९३ | ४.०३ | ३.७९ | ४.२४ |
| खाद्य | ५.९३ | ३.३५ | ५.५० | ३.६३ |
| गैर-खाद्य | २.३९ | ४.५६ | २.४६ | ४.७२ |

९. चालु आर्थिक वर्षको पहिलो त्रयमासमा निर्यात १०९.५ प्रतिशतले वृद्धि भई रु. ६५ अर्ब ५ करोड र आयात ६३.७ प्रतिशतले वृद्धि भई रु. ४७८ अर्ब ५२ करोड भएको छ । फलस्वरुप: व्यापार घाटा ५८.३ प्रतिशतले वृद्धि भई रु. ४१३ अर्ब ४७ करोड पुगेको छ ।

१०. समीक्षा अवधिमा चालु खाता रु. १५१ अर्ब ७० करोड र शोधनान्तर रु. ७६ अर्ब १४ करोड घाटामा रहेको छ । आयातमा भएको विस्तार र विप्रेषण आप्रवाहमा भएको संकुचनका कारण चालु खाता तथा शोधनान्तर स्थिति घाटामा रहेको हो ।

११. आर्थिक वर्ष २०७८/७९ मा कम्तिमा ७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने गरी विदेशी विनिमय सञ्चिति कायम गर्ने मौद्रिक नीतिको लक्ष्य रहेकोमा २०७८ असोज मसान्तमा ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पुग्ने विदेशी मुद्रा सञ्चिति रहेको छ ।

१२. आर्थिक वर्ष २०७८/७९ को ३ महिनामा संघीय सरकारको कुल खर्च रु.२३४अर्ब ५२ करोड र राजस्व संकलन रु.२५५ अर्ब ४ करोड रहेको छ ।

## वित्तीय क्षेत्र स्थिति

१३. समीक्षा अवधिमा बैक तथा वित्तीय संस्थाको निक्षेप परिचालन १.२ प्रतिशतले वृद्धि भई रु. ४७१८ अर्ब ८३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप परिचालन ४.९ प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०७८ असोजमा निक्षेप परिचालन १७.२ प्रतिशतले वृद्धि भएको छ ।

१४. आर्थिक वर्ष २०७८/७९ को पहिलो तीन महिनामा बैक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा ७.७ प्रतिशतले वृद्धि भई रु. ४३९९ अर्ब ८४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.० प्रतिशतले वृद्धि भएको थियो । वार्षिक विन्दुगत आधारमा २०७८ असोजमा निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा ३१.७ प्रतिशतले वृद्धि भएको छ। समग्रतामा कर्जाको वृद्धिदर निक्षेप वृद्धिको तुलनामा उच्च रहेको छ ।

१५. बैंक तथा वित्तीय संस्था (लघुवित्त वित्तीय संस्थाहरु समेत) को चुक्ता पुँजी २०७८ असार मसान्तमा रु. ३९० अर्ब ४३ करोड रहेकोमा २०७८ असोजमा रु. ३९१ अर्ब १४ करोड पुगेको छ ।

१६. २०७८ असोज मसान्तमा वाणिज्य बैंकहरुको पुँजी कोष पर्याप्तता अनुपात १३.४ प्रतिशत, विकास बैंकहरुको १३.६ प्रतिशत र वित्त कम्पनीहरुको १८.८ प्रतिशत रहेको छ । २०७८ असार मसान्तमा यी अनुपातहरु क्रमशः १४.१ प्रतिशत, १३.२ प्रतिशत र २२.० प्रतिशत रहेका थिए ।

१७. बैंक तथा वित्तीय संस्थाको शाखा विस्तारसँगै वित्तीय पहुँच बढेको छ । बैंक तथा वित्तीय संस्थाको शाखा संख्या २०७८ असार मसान्तमा १०,६८३ रहेकोमा २०७८ असोज मसान्तमा ११,०३९ पुगेको छ । उक्त अवधिमा प्रति बैंक शाखा जनसंख्या २,८४४ बाट घटेर २,७५२ कायम भएको छ ।

१८. २०७८ असार मसान्तमा २,८८३.४ रहेको नेप्से सूचकाङ्क २०७८ असोज मसान्तमा २६५७ पुगेको छ । त्यसैगरी, २०७८ असार मसान्तमा रु. ४०१० अर्ब ९६ करोड रहेको बजार पुँजीकरण २०७८ असोज मसान्तमा रु. ३७१९ अर्व ७२ करोड पुगेको छ ।

## मौद्रिक नीतिको कार्यान्वयन स्थिति

### आर्थिक तथा मौद्रिक लक्ष्यहरुको स्थिति

१९. आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिमा विस्तृत मुद्राप्रदायको वार्षिक वृद्धिदर १८ प्रतिशत कायम गर्ने लक्ष्य राखिएकोमा वार्षिक विन्दुगत आधारमा २०७८ असोज मसान्तमा यस्तो वृद्धिदर १७.९ प्रतिशत रहेको छ ।

२०. आर्थिक वर्ष २०७८/७९ मा निजी क्षेत्रमाथिको दाबी १९ प्रतिशतले बढ्ने प्रक्षेपण रहेकोमा वार्षिक विन्दुगत आधारमा २०७८ असोज मसान्तमा यस्तो वृद्धिदर ३०.७ प्रतिशत रहेको छ ।

**तालिका ३: मौद्रिक लक्ष्यहरुको स्थिति**

(प्रतिशत)

| वृद्धिदर | वार्षिक बिन्दुगत | |
|---|---|---|
| | आ.व. २०७८/७९ (प्रक्षेपित) | २०७८ असोज मसान्त (यथार्थ) |
| विस्तृत मुद्राप्रदाय | १८.० | १७.९ |
| निजी क्षेत्रमाथिको दावी | १९.० | ३०.७ |

२१. २०७८ असार मसान्तको तुलनामा २०७८ असोज मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग ०.९ प्रतिशतले अवमूल्यन भई प्रति अमेरिकी डलर खरिद विनिमय दर रु. १२०.१२ कायम भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.८ प्रतिशतले अधिमूल्यन भएको थियो ।

### तरलता व्यवस्थापन

#### तरलता प्रवाह तथा प्रशोचन

२२. आर्थिक वर्ष २०७८/७९ को पहिलो ३ महिनामा रिपोमार्फत् रु.१८५ अर्ब ५० करोड र स्थायी तरलता सुविधामार्फत् रु. ८२२ अर्ब ६८ करोड गरी कुल रु. १००८ अर्ब १७ करोड तरलता प्रवाह गरिएको छ ।

२३. समीक्षा अवधिमा निक्षेप संकलन उपकरणमार्फत् रु. ३१ अर्ब ६५ करोड र रिभर्स रिपोमार्फत् रु. २८ अर्ब ३५ करोड गरी कुल रु. ६० अर्ब तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. ६० अर्ब  तरलता प्रशोचन गरिएको थियो (तालिका ४) ।

२४. समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर २४ करोड ७६ लाख खुद खरिद गरी रु.२९ अर्ब ७३ करोड तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब २४ करोड खुद खरिद गरी रु.१४७ अर्ब ४३ करोड तरलता प्रवाह गरिएको थियो ।

### भारतीय मुद्रा खरिद

२५. समीक्षा अवधिमा अमेरिकी डलर ९४ करोड बिक्री गरी रु.१११ अर्ब ५३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर ८४ करोड बिक्री गरी रु.९९ अर्ब ६४ करोड बराबरको भारतीय रुपैंया खरिद भएको थियो ।

### अन्तरबैंक कारोबार

२६. आर्थिक वर्ष २०७८/७९ को पहिलो त्रयमासमा वाणिज्य बैंकहरुले रु. ७९७ अर्ब २८ करोड र अन्य वित्तीय संस्थाहरु (वाणिज्य बैंकबीच बाहेक) ले रु. १२२ अर्ब ६१ करोड गरी कुल रु. ९१९ अर्ब ८९ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा कुल रु. ८१ अर्ब १५ करोडको अन्तर-बैंक कारोबार भएको थियो ।

**तालिका ४: तरलता प्रवाह तथा प्रशोचन**

*रु. अर्बमा*

| विवरण | तीन महिना | |
|---|---|---|
| | २०७७/७८ | २०७८/७९ |
| **(क) तरलता प्रवाह** | - | १००८.१७ |
| रिपो | - | १५०.०० |
| सोझै खरिद | - | - |
| रिपो बोलकबोल* | - | ३५.५० |
| स्थायी तरलता सुविधा | - | ८२२.६७ |
| **(ख) तरलता प्रशोचन** | ६०.०० | ६०.०० |
| रिभर्स रिपो | ६०.०० | २८.३५ |
| सोझै बिक्री बोलकबोल | - | - |
| निक्षेप संकलन बोलकबोल | - | ३१.६५ |
| निक्षेप संकलन बोलकबोल* | - | - |
| **(ग) खुद प्रवाह (क-ख)** | (६०.००) | ९४८.१७ |

* ब्याजदर करिडोर अन्तर्गत भएको कारोवार ।

### ब्याजदर

२७. २०७७ असोजमा ९१-दिने ट्रेजरी बिलको भारित औसत ब्याजदर ०.६३ प्रतिशत रहेकोमा २०७८ असोजमा ४.८६ प्रतिशत कायम भएको छ । वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ असोजको ०.११ प्रतिशतको तुलनामा २०७८ असोजमा ४.९५ प्रतिशत कायम भएको छ (तालिका ५)। मौद्रिक नीतिको संचालन लक्ष्यको रुपमा लिइने औसत अन्तर-बैंक दर २०७७ असोजमा ०.१७ प्रतिशत रहेकोमा २०७८ असोजमा ४.९५ प्रतिशत कायम भएको छ ।

२८. वाणिज्य बैंकहरुको औसत आधार दर २०७७ असोजमा ७.७३ प्रतिशत रहेकोमा २०७८ असोजमा ७.५७ प्रतिशत कायम भएको छ । २०७८ असोजमा वाणिज्य बैंकहरुको निक्षेपको भारित औसत ब्याजदर ५.४३ प्रतिशत र कर्जाको भारित औसत ब्याजदर ८.६९ प्रतिशत

**तालिका ५ : भारित औसत ब्याजदर** *(प्रतिशतमा)*

| विवरण | असार | | असोज | |
|---|---|---|---|---|
| | २०७७ | २०७८ | २०७७ | २०७८ |
| ९१-दिने ट्रेजरी विल | १.२७ | ४.५५ | ०.६३ | ४.८६ |
| वाणिज्य बैंकहरुको अन्तर-बैंक दर | ०.३५ | ३.२१ | ०.११ | ४.९५ |
| कर्जाको भारित औसत ब्याजदर | १०.११ | ८.४६ | ९.८३ | ८.६९ |
| निक्षेपको भारित औसत ब्याजदर | ६.०१ | ४.६५ | ५.४५ | ५.४३ |
| औसत आधार दर | ८.५० | ६.६६ | ७.७३ | ७.५७ |

रहेको छ ।

## वित्तीय क्षेत्रसम्बन्धी व्यवस्थाको कार्यान्वयन स्थिति

### स्रोत परिचालन

२९. कृषि र ऊर्जा क्षेत्रको विकासमा दीर्घकालीन साधन परिचालन गर्ने उद्देश्यले वाणिज्य बैंकहरुले कृषि ऋणपत्र र ऊर्जा ऋणपत्र निष्काशन गर्न सक्ने व्यवस्थाअनुरुप वाणिज्य बैंकहरुले थप ऋणपत्र निष्काशन गर्ने प्रक्रिया अघि बढाएका छन् ।

३०. वैदेशिक रोजगारीमा रहेका नेपालीको विप्रेषण रकम बैंक तथा वित्तीय संस्थाहरुमा जम्मा गरेमा न्यूनतम १ प्रतिशत बिन्दु थप ब्याज पाउने व्यवस्था कार्यान्वयनमा आएको छ ।

### विपन्न वर्ग कर्जा

३१. कोभिड-१९ को कारण पर्यटन क्षेत्रमा रोजगारी गुमाएका व्यक्ति स्वरोजगार हुनेगरी व्यवसाय सञ्चालन गर्न प्रवाह हुने रु. १५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सकिने व्यवस्था गरिएको छ ।

३२. ऋणी स्वयम् रोजगार हुने उद्देश्यले सवारी साधन खरिद गर्न प्रवाह हुने रु. २५ लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न सक्ने व्यवस्था मिलाइएको छ ।

३३. महिला उद्यमीद्वारा लघु उद्यम तथा स्वरोजगारमूलक व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने रु. २० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्न शुरु गरिएको छ ।

३४. वास्तविक कृषि व्यवसायीलाई रु. २० लाखसम्म कृषि व्यवसाय सञ्चालन गर्न परियोजनाको धितोमा प्रवाह हुने कर्जालाई विपन्न वर्ग कर्जामा गणना हुने व्यवस्था गरिएको छ ।

### आर्थिक पुनरुत्थान लक्षित विशेष कार्यक्रम

#### पुनरकर्जा

३५. नेपाल राष्ट्र बैंक पुनरकर्जा कार्यविधि, २०७७ संशोधन गरी कोभिड-१९ महामारीबाट प्रभावित लघु, घरेलु, साना तथा मझौला उद्यम/व्यवसायलाई पुनरकर्जामा प्राथमिकता दिइएको छ ।

३६. नेपाल राष्ट्र बैंकबाट सहुलियत दरमा प्रदान गरिँदै आएको पुनरकर्जा २०७८ असोज मसान्तमा रु.११९ अर्ब ३५ करोड लगानीमा रहेको छ । कोभिड-१९ प्रभावित उद्योग तथा व्यवसायहरुलाई सहुलियत प्रदान गर्न आर्थिक वर्ष २०७८/७९ को लागि बैंक तथा वित्तीय संस्थाहरुमार्फत ग्राहक ऋणी अनुसारको पुनरकर्जा दरखास्त आह्वान गरिएकोमा २०७८ असोज मसान्तसम्म रु. ६ अर्ब ८० करोड स्वीकृत भएको छ ।

## कर्जा भुक्तानी अवधि थप, पुनरसंरचना तथा पुनरतालिकीकरण

३७. कोभिड-१९ महामारीले समग्र अर्थतन्त्रमा पारेको प्रभाव समेतलाई मध्यनजर गरी बैक तथा वित्तीय संस्थाहरुले कर्जा प्रदान गरेका ऋणी फर्म, कम्पनी वा संस्था लगातार ३ वर्षसम्म खुद नोक्सानीमा रहेमा मात्र सूक्ष्म निगरानी वर्गमा वर्गीकरण गर्नुपर्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

३८. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा प्रवाह गरेका ऋणीहरुमध्ये कोभिड-१९ को कारण वित्तीय अवस्था तथा नगद प्रवाहमा नकारात्मक असर परेका ऋणीहरुलाई बैंक तथा वित्तीय संस्था स्वयंले विश्लेषण गरी किस्ता रकम घटाई भुक्तानी अवधि थप गर्न सकिने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

३९. निषेधाज्ञा अवधिको २०७८ असारसम्म भुक्तानी गर्नुपर्ने इएमआई/इक्यूआई वा अन्य साँवा ब्याज भुक्तानी गर्न नसकेका ग्राहकहरुको वित्तीय स्थिति बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्म भुक्तानी म्याद थप गर्न सक्ने निर्देशन जारी गरिएको छ ।

४०. कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमध्ये होटल, ट्राभल, ट्रेकिङ्ग र हवाई सेवा लगायतका वाह्य पर्यटकमा निर्भर रहनुपर्ने व्यवसायी ऋणीको हकमा वित्तीय अवस्था विश्लेषण गरी आवश्यकता अनुसार २०७९ असार मसान्तसम्म पाक्ने ब्याज छुट्टै हिसावमा राख्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

४१. कोभिड-१९ महामारीबाट अति प्रभावित क्षेत्रमध्ये रेष्टुरेण्ट, पार्टी प्यालेस, सार्वजनिक यातायात, शिक्षण संस्था र मनोरञ्जन व्यवसायका ऋणीले २०७८ पुससम्म भुक्तान गर्नुपर्ने साँवा तथा ब्याज दायित्वको समयावधि एक वर्षसम्म थप गरी कम्तिमा चार किस्तामा भुक्तानी गर्न सक्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

४२. कोभिड-१९ बाट अति प्रभावित पर्यटन, चलचित्र, पार्टी प्यालेस, सार्वजनिक यातायात तथा शिक्षा क्षेत्रमा प्रवाह भएको कर्जा बैंक तथा वित्तीय संस्थाले मूल्याङ्कन गरी २०७८ पुस मसान्तसम्ममा पुनरसंरचना तथा पुनरतालिकीकरण गर्न सक्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

## कर्जा सम्बन्धी अन्य व्यवस्था

४३. ब्रोडवेण्ड प्रवर्द्धन गरी सर्वसाधारणमा इन्टरनेट पहुँच पुर्‍याउने गरी दुर्गम स्थानहरुमा सेवा पुर्‍याउने इन्टरनेट सेवा प्रदायक संस्थाहरुलाई विशेष पुनरकर्जा उपलब्ध गराउन पुनरकर्जा कार्यविधि संशोधन गरिएको छ ।

४४. ब्याज पुँजीकरण गर्न यस बैंकबाट पूर्व स्वीकृति प्राप्त ग्रेस अवधिमा रहेका निर्माणाधीन आयोजनामा प्रवाहित कर्जाको २०७९ असार मसान्तसम्म पाकेको ब्याज पुँजीकरण गर्न सकिने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

४५. विद्युतीय सवारी साधनको लागि आवश्यक चार्जिङ्ग स्टेशन स्थापनाको लागि प्रवाह हुने कर्जामा पुनरकर्जा उपलब्ध हुने गरी पुनरकर्जा कार्यविधि संशोधन गरिएको छ ।

४६. अस्पताल नभएका स्थानीय तहमा १०० बेडसम्मको अस्पताल स्थापना गर्न बैंक तथा वित्तीय संस्थाहरुले आधार दरमा अधिकतम २ प्रतिशत विन्दुसम्म प्रिमियम थप गरी रु. २० करोडसम्म कर्जा प्रवाह गर्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

**नियामकीय तथा सुपरिवेक्षकीय व्यवस्था**

४७. बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्ने आवधिक प्रकृतिका कर्जाको परिवर्तनीय ब्याजदर (Adjustable Interest Rate) को साथै स्थिर ब्याजदर (Fixed Interest Rate) समेत प्रकाशन गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।

४८. बैंक तथा वित्तीय संस्थाहरुले कृषि, हस्तकला र सीपमूलक व्यवसाय संचालनका लागि रु. १ करोडसम्मको कर्जा प्रवाह गर्दा आधार दरमा अधिकतम २ प्रतिशत बिन्दुले मात्र प्रिमियम थप गर्न सक्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

## भुक्तानी प्रणाली

४९. विद्युतीय भुक्तानीका उपकरणहरुबीच अन्तरआवद्धता कायम गर्दै नेपालभित्र हुने भुक्तानी कारोबारहरुको राफसाफ तथा अभिलेखीकरण गर्न र नेपालको आफ्नै भुक्तानी कार्ड प्रयोगमा ल्याउन राष्ट्रिय भुक्तानी स्वीच अन्तर्गत Retail Payment Switch सञ्चालन स्वीकृति प्रदान गरिएको छ ।

५०. विद्युतीय भुक्तानी कारोवारको प्रवर्द्धनका लागि कार्ड र वालेटका माध्यमहरुबाट हुने भुक्तानी कारोवारको अधिकतम सीमा वृद्धि गरिएको छ ।

५१. भुक्तानी सेवा प्रदायक तथा भुक्तानी प्रणाली संचालक संस्थाहरुको कारोबारको दायरा बढाई विद्युतीय भुक्तानी सेवा लघुवित्त वित्तीय संस्था र सहकारी संस्थाका सेवाग्राहीलाई समेत उपलब्ध गराउन सक्ने व्यवस्थाको लागि निर्देशन जारी गरिएको छ ।

## विदेशी विनिमय व्यवस्थापन

५२. हवाई सेवा प्रदायक संस्थाले अमेरिकी डलर २५ हजार वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको सेवा आयातको लागि तोकिएका कागजातको आधारमा वाणिज्य बैंकहरुबाट विदेशी मुद्रा सटही सुविधा उपलब्ध हुने व्यवस्था मिलाइएको छ ।

५३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागको सिफारिसमा गरिने कोभिड-१९ सँग सम्बन्धित औषधिजन्य सामग्री तथा स्वास्थ्य उपकरणहरुको आयात गर्दा एउटै बीजकबाट

अमेरिकी डलर १ लाख वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रासम्मको रकम ड्राफ्ट/टि.टि.को माध्यमबाट भुक्तानी गर्न सक्ने व्यवस्था गरिएको छ।

५४. राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाहरुले सेवा लिएवापत् विदेशी संस्थाहरुलाई गर्ने भुक्तानी तोकिएका कागजातको आधारमा वाणिज्य बैंकहरुबाट सोझै गर्न सक्ने व्यवस्था मिलाइएको छ।

५५. भारतबाट परिवर्त्य विदेशी मुद्रामा आयात गरिने औद्योगिक कच्चा पदार्थ तथा मेशिनरी लगायतका वस्तुहरुको विद्यमान सूचीमा १५ वस्तु थप गरी १८२ पुऱ्याइएको छ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

५६. कोभिड-१९ महामारीको असर क्रमिक रुपमा कम हुँदै गएको, खोपको उपलब्धता बढ्दै गएको, वैदेशिक रोजगारीमा जानेको संख्या तथा विदेशी पर्यटकको आगमन समेत बढ्न थालेको, विद्युत निर्यात शुरु हुनुको साथै मौद्रिक तथा वित्तीय नीतिगत सहजीकरण कायमै रहेकोले आर्थिक पुनरुत्थानले गति लिने देखिएको छ।

५७. आर्थिक पुनरुत्थानको चरणमा कर्जाको माग बढिरहेको र यस्तो कर्जाको ठूलो हिस्सा आयात भुक्तानीमा खर्च भैरहेको तर विप्रेषण आप्रवाह अपेक्षित रुपमा बढ्न नसकिरहेकोले वाह्य क्षेत्र स्थायित्वमा दबाब कायमै रहने देखिएको छ।

५८. चालु आर्थिक वर्षमा स्थानीय तहको निर्वाचनमा हुने खर्चले समष्टिगत माग थप विस्तार भई मूल्य र आयातमा समेत चाप पर्ने स्थिति छ। पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य वृद्धिले समेत नेपालको मुद्रास्फीति बढ्ने देखिएको छ। साथै, यस बैंकले हालै सम्पन्न गरेको मुद्रास्फीति अपेक्षा सर्वेक्षणमा समेत आगामी दिनमा मूल्य वृद्धिमा थप चाप पर्ने देखिएको छ।

५९. बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको तुलनामा कर्जा विस्तार अधिक रहेकोले तरलतामा चाप पर्ने स्थिति देखिएको छ।

## मौद्रिक कार्यदिशा

६०. आर्थिक पुनरुत्थानले गति लिन थालेसँगै कर्जा प्रवाह र आयात उच्च दरले बढेको छ। सो अनुसार बढ्दो कर्जा मागलाई व्यवस्थित गर्ने, साधन परिचालनको दायरा बढाउने र उत्पादनशील क्रियाकलापहरुमा स्रोतको अभाव हुन नदिनेतर्फ सजग रही मौद्रिक नीतिको कार्यदिशालाई निरन्तरता दिइएको छ। यसको साथै पछिल्लो समय शोधनान्तर स्थितिमा परेको चाप र मुद्रास्फीतिमा पर्नसक्ने दबाबलाई ध्यानमा राखी मौद्रिक व्यवस्थापनलाई प्रभावकारी बनाइने छ।

## मौद्रिक तथा वित्तीय उपायहरु

६१. मौद्रिक नीतिको उपर्युक्त कार्यदिशाअनुरुप विद्यमान अनिवार्य नगद अनुपात, बैंक दर र वैधानिक तरलता अनुपात यथावत राखिएको छ ।

६२. बैंक तथा वित्तीय संस्थाहरुले कर्जा-निक्षेप अनुपात (Credit-Deposit Ratio) २०७९ असार मसान्तसम्ममा निर्धारित सीमाभित्र कायम गर्ने कार्ययोजना सञ्चालक समितिबाट स्वीकृत गराई यस बैंक समक्ष पेश गरी सोको कार्यान्वयन गर्नुपर्ने छ ।

६३. विदेशी विनिमय सञ्चितिको विद्यमान स्थितिलाई दृष्टिगत गरी तोकिएका वस्तुहरुको आयात प्रतीतपत्र खोल्दा अनिवार्य रुपमा नगद मार्जिन राख्नुपर्ने व्यवस्था गरिनेछ ।

६४. Document Against Payment र Document Against Acceptance को विद्यमान सीमा पुनरावलोकन गरिनेछ ।

६५. ड्राफ्ट/टि.टि.को माध्यमबाट आयात गर्दा प्रदान गरिने रकमको अधिकतम सटही सुविधासम्म मात्र चाँदी आयात गर्नको लागि सटही सुविधा प्रदान गर्न सक्ने व्यवस्था गरिनेछ ।

६६. व्यावसायिक कृषि, उत्पादनमूलक उद्योग, पूर्वाधार निर्माण र पर्यटनसँग सम्बन्धित नेपाली फर्म तथा कम्पनीले विदेशबाट संस्थागत ऋण लिन चाहेमा वाणिज्य बैंकहरुले बैंक ग्यारेण्टी जारी गर्न सक्ने व्यवस्था मिलाइने छ ।

६७. विदेशी मुद्रामा लिइने ऋणको ब्याजदर तथा शुल्क लगायतका विद्यमान व्यवस्थामा पुनरावलोकन गरिनेछ ।

६८. गैर आवासीय नेपालीहरू तथा गैर आवासीय नेपालीहरू संलग्न विदेशी संस्थाहरुबाट विदेशी मुद्रामा निक्षेप संकलन गर्न सकिने व्यवस्थालाई सरलीकरण गरिनेछ ।

६९. विदेशी मुद्राको नन डेलिभरेवल फरवार्ड कारोबारमा रहेको विद्यमान सीमा पुनरावलोकन गरिनेछ ।

### अन्त्यमा

७०. आर्थिक वर्ष २०७८/७९ को मौद्रिक नीतिको कार्यान्वयन गरी पहिलो त्रैमासिक समीक्षा प्रतिवेदन तयार गर्न आवश्यक सूचना तथा विवरण उपलब्ध गराई सहयोग पुऱ्याउने सबै सरोकारवालाहरुलाई नेपाल राष्ट्र बैंक धन्यवाद ज्ञापन गर्दछ । साथै, मौद्रिक नीतिको कार्यान्वयनमा सदा झैं सबैको सहयोग प्राप्त हुने यस बैंकको विश्वास रहेको छ ।

**२०७८ मंसिर १० गते ।**